## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस मिति २०८३/०१/२९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु सोरु गाउँपालिका मुगुका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत विरेन्द्र मल्ल समेत ११ जना मु.नं (०८१-CR-०१०१) फैसला मिति २०८२।०९।२३</td>
<td>गैरकानुनी लाभहानि पुऱ्याउने बदनियतले काम गरी गराई भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• जिल्ला मुगु, सोरु गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विरेन्द्र मल्ल, ईन्जिनियर प्रकाश आचार्य र असिस्टेन्ट सव-इन्जिनियर मनोज धामीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा निज प्रतिवादीहरुलाई बिगो रु.२३,२२,८३२।१६ (अक्षेरुपी तेईस लाख बाईस हजार आठ सय बत्तिस रुपैयाँ सोह्र पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन र निज प्रतिवादीहरु विरेन्द्र मल्ल, प्रकाश आचार्य र मनोज धामीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• जिल्ला मुगु, सोरु गाउँपालिकाका तत्कालिन लेखापाल जेठबहादुर बुढा र योजना शाखा प्रमुख नविन बुमीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.२३,२२,८३२।१६ (अक्षेरुपी तेईस लाख बाईस हजार आठ सय बत्तिस रुपैयाँ सोह्र पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>• जिल्ला मुगु, सोरु गाउँपालिकाका वडा नं. १० मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित शहिदगेट देखि कोटसम्म सडक निर्माण योजनाको श्रम कार्यदल (उपभोक्ता समिति) का अध्यक्ष विष्णु दत्त जैसी, कोषाध्यक्ष नन्द देवी जैसी, सचिव पौमल सार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो रु.२३,२२,८३२।१६ (अक्षेरुपी तेईस लाख बाईस हजार आठ सय बत्तिस रुपैयाँ सोह्र पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिईएको देखिन्छ।<br>• जिल्ला मुगु, सोरु गाउँपालिकाका गाउँकार्यपालिका सदस्य</td>
<td>फैसलाः<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• प्रतिवादीहरुले आरोपित कसुरका इन्कार रही बयान गरेको देखिएको ।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएको प्राविधिकले नापजाँचवाट देखिएको कामको यकिन परिणामको वारेमा थप अनुसन्धान गरि यथार्थ कामको परिणाम यकिन गर्नु पर्ने भनि राय पेश गरेकोमा आयोगवाट थप अनुसन्धान गरि वास्तविक कामको परिणाम यकिन गरेको नदेखिएको।<br>• आयोगका प्राविधिकबाट भएको नापजाँच मुचुल्कामा यी प्रतिवादीहरुलाई रोहवरमा राखेको नदेखिएको, रोहवरमा बसेका पदम बहादुर मल्ल समेतको बकपत्रबाट नापजाँच मुचुल्का खण्डित भएको देखिएको।</td>
<td>• जिल्ला मुगु सोरु गाउँपालिकाका गाउँपालिका वडा नं. १० स्थित शहिदगेटदेखि कोटसम्मको सडक निर्माण योजनामा वास्तविक भएको कामभन्दा बढी परिमाण मुल्यांकन गरी रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा मुगु जिल्ला, सोरु गाउँपालिका वडा नं.१० स्थित शहिदगेट देखि कोटसम्म सडक निर्माण योजनाका लागि आ.व.२०७७।०७८ मा मुख्यमन्त्री रोजगार कार्यक्रमको विनियोजित अनुदान रकम रु.३९,२४,०००।- र जनश्रमदान रु.५,१०,२४२।- समेत गरी जम्मा रु.४३,९५,००२।- लागत अनुमान रहेको देखिन्छ। उक्त सडक निर्माण उपभोक्ता समितिको तर्फबाट अध्यक्ष विष्णु दत्त जैसी र गाउँपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत विरेन्द्र मल्लबीच मिति २०७८।०१।२९ गते सम्झौता भई मिति २०७८।०३।३० गते भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ। उक्त सडक निर्माण योजना निम्न अनुसारको लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन र स्थलगत नापजाँच प्रतिवेदन तयार गरेको देखिन्छ।<br><br>Abstract of Cost<br>Project Name: Sahid Gate to Kota Sadak Nirman<br>Project Location: Soru Rural Municipality, 10, Dhainakot Date: 2078/01/29
<table>
<tr><th>S.N.</th><th>Description Of Work</th><th>Quantity</th><th>Unit</th><th>Rate</th><th>Amount</th><th>Remarks</th></tr>
<tr><td></td><td>Roday excavation in all types of soil/rock including haulage and disposal all complete as directed by site Incharge for new track</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>A</td><td>Medium Rock</td><td>३१९।८१</td><td>Cu.m.</td><td>३०९०।००</td><td>९८८२२६।२९</td><td></td></tr>
<tr><td>B</td><td>Soft Rock</td><td>३७९।७९</td><td>Cu.m.</td><td>१५४५।००</td><td>५८६७८२।३५</td><td></td></tr>
<tr><td>C</td><td>Ordinary Soil</td><td>५६६५।५७</td><td>Cu.m.</td><td>३८६।२५</td><td>२१८८३२९।९९</td><td></td></tr>
<tr><td>D</td><td>Boulder Mix Soil</td><td>१३६२।८१</td><td>Cu.m.</td><td>४६३।५०</td><td>६३१६६३।३६</td><td></td></tr>
<tr><td></td><td colspan="4">Total Amount</td><td>४३९५००१।९९</td><td></td></tr>
<tr><td></td><td colspan="4">Allocated Budget</td><td>३९२४०००।००</td><td></td></tr>
<tr><td></td><td colspan="4">1% Contingences</td><td>३९२४०।००</td><td></td></tr>
<tr><td></td><td colspan="4">Amount Without contingencies/Net Payable Amount</td><td>३८८४७६०।००</td><td></td></tr>
<tr><td></td><td colspan="4">User Contribution</td><td>५१०२४१।९९</td><td>१२%</td></tr>
<tr><td></td><td colspan="4">Grand Total Project Cost</td><td>४३९५००१।९९</td><td></td></tr>
</table>
<br>कार्य सम्पन्न प्रतिवेदन
<table>
<tr><td rowspan="2">योजनाको नामः शहिदगेट देखि कोटसम्मको बाटो निर्माण ।</td><td colspan="3">निर्माणको लागि प्राप्त सहयोगको विवरण</td></tr>
<tr><td>श्रोत</td><td>सहयोग रु.</td><td>खर्च</td></tr>
</table>
</td>
</tr>
</table>

**एवं शहिदगेट देखि कोटसम्म सडक निर्माण अनुगमन समिति संयोजक दलविर सार्की, समिति सदस्य धर्मराज जैसी र सोरु गा.पा.वडा नं.१० का तत्कालीन कार्य वाहक वडा अध्यक्ष विरेन्द्र बहादुर मल्ललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिईएको देखिन्छ।

**अदालतको फैसला**

- प्रतिवादीहरु वीरेन्द्र मल्ल, प्रकाश आचार्य, जेठबहादुर बुढा, नविन बुमी, दलवीर सार्की, मनोज धामी, धर्मराज जैसी, विष्णुदत्त जैसी, नन्ददेवी जैसी, पौमल सार्की र वीरेन्द्रबहादुर मल्लले आरोप दावीबाट सफाई पाउने ठहर गरि फैसला भएको देखिन्छ।

| | | | |
|---|---|---|---|
| **कार्य सम्पन्न प्रतिवेदनः-** (असिस्टेण्ट सव-इन्जिनियर मनोज धामी, ईन्जिनियर प्रकाश आचार्य र प्रमुख प्रशासकीय अधिकृत विरेन्द्र मल्ल)।<br>कार्यारम्भ आदेश मितिः २०७८।०१।२९ गते ।<br>कार्यसम्पन्न गर्नुपर्ने मितिः- २०७८।०३।३० गते ।<br>कार्यसम्पन्न भएको मितिः २०७८।०३।१५ गते । | | | रु. |
| | सोरु गा.पा. | ३९,२४,००० /- | ३९, २४, ००० /- |
| | श्रमदान | ४,५८,५१६/- | ४,५ ८,५ १६/ - |
| | **जम्मा रु.** | ४३८२५१६/- | ४३८ २५१ ६/- |

| **विवरण** | | **ईष्टिमेट बमोजिमको** | | | **काम बमोजिमको** | | | **फरक** | |
|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **कामको विवरण** | **परिणाम** | **दर** | **जम्मा** | **परिमाण** | **दर** | **जम्मा** | **परिमाण** | **जम्मा** |
| 1 | **Earthwork Excavation** | | | | | | | | |
| a | **Medium Rock** | 319.81433 | 3,090.00 | 988226.29 | 506.07 | 3,090.00 | 1563747.7 | -186.25 | -575521 |
| b | **Soft Rock** | 379.7944 | 1,545.00 | 586782.35 | 312.15 | 1,545.00 | 482271.75 | 67.64 | 104510.6 |
| c | **Ordinary Soil** | 5665.5793 | 386.25 | 2188330 | 4,567.58 | 386.25 | 1771954.6 | 1,077.99 | 416375.4 |
| d | **Boulder Mix Soil** | 1362.812 | 463.50 | 631663.36 | 1218.00 | 463.50 | 564542.07 | 144.81 | 67121.29 |
| **Grand Total** | | | | **4395002** | | | **4382516** | | **12485.9** |

- उपरोक्त उल्लिखित लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन र स्थलगत नापजाँच प्रतिवेदन समेतको आधारमा रु.३८,४५,५२०/- (सा.सु. र अन्य कर सहित) गाउँपालिकाको गोश्वरा भौचर र वैंक स्टेटमेन्टबाट सा.सु.कर बाहेक रु.३८,०७,०६५/- मिति २०७८/०३/२० गते उपभोक्ता समितिको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सोरु, मुगुमा रहेको खाता नं. ४५१०१०००००४७१००१ मा भुक्तानी गरेको देखिन्छ।
- प्रस्तुत मुद्दाको अनुसन्धानका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतका सब-ईन्जिनियर प्रकाश न्यौपाने समेतले मिति २०७९।०२।०६ गते पेश गरेको स्थलगत नाँपजाँच तथा प्राविधिक प्रतिवेदन हेर्दा निम्न अनुसारको अवस्था रहेको देखिन्छ।

| **क्र.सं.** | **आईटमको नाम** | **परिमाण** (Quantity) | | **फरक परिमाण (घटि/बढी)** | **स्वीकृत दररेट रु.** | **फरक रकम रु.** |
|---|---|---|---|---|---|---|
| | | **नापी कितावमा भएको** | **फिल्डमा भएको** | | | |
| १ | **Earthwork Excavation** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| a | **Medium Rock (7.63%)** | ५०६।०७ | २३७।८४ | २६८।२३ | ३०९० | ८२८८२७।४३०५ |
| b | **Soft Rock (4.71%)** | ३१२।१५ | १४६।७० | १६५।४५ | १५४५ | २५५६१५।३१२५ |
| c | **Ordinary Soil (69.25%)** | ४५८७।५८ | २१५६।०५ | २४३१।५२ | ३८६।२५ | ९३९१७६।४३४ |
| d | **Boulder Mix Soil (18.38%)** | १२१८ | ५७२।४४ | ६४५।५५ | ४६३।५ | २९९२१२।९८९ |
| **जम्मा** | | ६६२३।८ | ३११३।०३ | ३५१०।७५ | | **२३,२२,८३२।१६** |

- माथि तालिकामा विस्तृत विश्लेषण गरिए वमोजिम उक्त सडक निर्माण संरचनाहरु मध्ये Earthwork in Excavation अन्तर्गत Medium Rock (७.६३%), Soft Rock (४.७१%), Ordinary Soil (६९.२५%) र Boulder Mix Soil (१८.३८%) आईटमको नापी किताबमा क्रमशः ५०६.०७, ३१२.१५, ४५८७.५८ र १२१८ Cu.m..उल्लेख भएकोमा प्राविधिक प्रतिवेदन अनुसार स्थलगत रुपमा नापजाँच गर्दा क्रमशः २३७.८४, १४६.७०, २१५६.०५ र ५७२.४४ Cu.m.. मात्र सम्पन्न गरिएको, कामको नापी किताब, कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको भन्दा स्थलगत नापजाँच गर्दा क्रमशः २६८.२२, १६५.४५, २४३१.५२ र ६४५.५५ Cu.m..को फरक पर्न गएको देखिन्छ ।लागत अनुमान तथा मुल्याङ्कनमा पेश गरेको बाटो निर्माण कार्यमा माटो खन्ने कार्य १७२५ मिटर रहेको, जसमध्ये चेनेज १+०४५ देखि १+७२५ सम्म र चेनेज ०+६०५ देखि ०+७२५ सम्म नयाँ कटिङ्ग गरेको, बाँकी पुरानो चेनेजहरुमा पुरानो बाटो (औसत चौडाई २ मिटर) लाई चौडा गरेको पाईयो तर प्राविधिक मुल्याङ्कनमा पुरानो बाटोलाई चौडा गरेको स्थानमा पनि नयाँ कटिङ्ग सरह नै नापजाँच तथा मुल्याङ्कन गरेको, स्थलगत नापजाँच र प्राविधिक मुल्याङ्कनमा जम्मा कटिङ्गको कार्य ३५१०.७५ घनमिटर नापी किताब र कार्य सम्पन्न प्रतिवेदनमा बढी मुल्याङ्कन गरी कर सहित रु.२३,२२,८३२।१६ (अक्षेरुपी तेईस लाख वाईस हजार आठसय बत्तीस रुपैया सोह्र पैसा मात्र) बढी भुक्तानी भएको तथ्य सडक डिभिजन कार्यालय, सुर्खेतका सव-ईन्जिनियर प्रकाश न्यौपानेले पेश गरेको स्थलगत नाँपजाच तथा प्राविधिक प्रतिवेदन एवं आयोगका शाखा अधिकृत अनन्त कुमार गौतमसमेतले तयार पारेको मिति २०७९।०१।१२ गतेको स्थलगत मुचुल्काबाट पुष्टि भई रहेको देखिदा देखिँदै प्रतिवादीहरुलाई सफाई दिन कै निमित्त नापजाँच गर्ने प्राविधिकले थप अनुसन्धान गरि यथार्थ कामको परिणाम यकिन गर्नु पर्ने भनि राय पेश गरेकोमा आयोगवाट थप अनुसन्धान गरी वास्तविक कामको परिणाम यकिन गरेको नदेखिएको एवं नापजाँच मुचुल्कामा प्रतिवादीहरुलाई रोहवरमा राखेको नदेखिएको भन्ने जस्ता तर्क प्रस्तुत गरी प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपुर्ण देखिदा बदर योग्य छ।
- प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका साक्षी एवम् स्थलगत निरीक्षण गर्ने सबइन्जिनियर प्रकाश न्यौपाने, शाखा अधिकृत अनन्त कुमार गौतम र वरिष्ठ प्रहरी नायव निरीक्षक निर्मल कुमार खत्री समेतले सम्मानित अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा समेत स्थलगत निरीक्षणको क्रममा काम नभएको ठाउँमा उचाई शून्य राखिएको हो, फिल्डको अवस्था समेतलाई विश्लेषण गरी पहिला गोरेटो बाट बनी सकेको र बाटोको दाया बायाँ घर टहराहरु समेत भएकाले गाउँपालिकाबाट प्राप्त कागजातमा उल्लेख भएबमोजिम सडक चौडा हुन नसक्ने देखिएको आधारबाट नयाँ कटिङ र पुरानो कटिङको चेनेज छुट्याइएको हो भन्ने समेत व्यहोरा उल्लेख गरि स्थलगत नाँपजाच तथा प्राविधिक प्रतिवेदन एवं सर्जमिन मुचुल्कालाई समर्थन गरि अदालत समक्ष गरिदिएको बकपत्रले प्रतिवादीहरु विरुद्धको कसुर पुष्टी भई रहेको अवस्था देखिदा देखिँदै प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम **प्रमाणमा ग्रहण गरी** प्रतिवादीहरुलाई रोप दावी बमोजिम सजाय गर्नु पर्नेमा स्थलगत प्रविधिक प्रतिबेदनमा उल्लेखित केही भाषागत ब्यहोरा र रीत पुर्वकको सर्जमिन मुचुल्कालाई प्रतिवादी रोहवरमा नरहेको जस्ता अत्यान्त फितलो तर्कहरुलाई मुख्य आधार बनाई प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदर योग्य छ।<br>• प्रतिवादीहरुले अनुसन्धानका क्रममा तथा अदालतमा समेत बयान गर्दा उक्त योजनामा प्राविधिक इन्जिनियर, अनुगमन टोली, वडाको कार्य सम्पन्न भुक्तानी सिफारिस, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन समेतका आधारमा शहिदगेट देखि कोटसम्मको सडक निर्माण कार्य भएको देखिँदा योजनाको भुक्तानी गरिएको हो, सडक स्थानीय बासिन्दाको आवश्यकतामा बनेको हुँदा निर्माण कार्यमा लागपरबाही गर्ने सडक गुणस्तरहीन बनाउने भन्ने हुँदैन भन्ने करिक एकै मिलानको इन्कारी बयान गरे तापनि बढी रकम भुक्तानी भएको तथ्यलाई स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनले पुष्टि गरेकै देखिन्छ। प्रतिवादीहरुको इन्कारी बयान आफैंमा प्रमाण बन्न सक्दैन, त्यसलाई स्वतन्त्र प्रमाणले पुष्टि र समर्थन (Corroborate) गरेको हुनुपर्छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने औशान खाँ वि. नेपाल सरकार भएको मुद्दामा “कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने” (नेकाप २०७७, अंक ७, निनं. १०५४१) भन्ने सिद्धान्त समेत प्रतिपादन भएको अवस्था समेतलाई अनदेखा गरी प्रस्तुत मुद्दाका प्रतिवादीहरुले इन्कारी बयान गरेकै आधारमा कसुरबाट सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।<br>अतः प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकातका क्रममा संकलित श्रम कार्यदल (उपभोक्ता समिति) गठन, योजना सम्झौता, कार्यदिश, लागत अनुमान, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, स्थलगत मुचुल्का, स्थलगत प्राविधिक प्रतिवेदन, योजना अनुगमन तथा मुल्याङकन प्रतिवेदन, भुक्तानी दिएको गोश्वरा भौचर, बैङ्क स्टेटमेण्ट, प्रतिवादीहरुको बयान लगायतका सम्पूर्ण तथ्य एवं प्रमाण समेतको समष्टिगत रुपमा अध्ययन बिश्लेषण गरी हेर्दा आर्थिक वर्ष २०७७/०७८ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सोरु गाउँपालिका वडा नं.१० स्थित शहिदगेट देखि कोटसम्म सडक निर्माण योजनाको कुल लागत अनुमान रु.४३,९५,००२/- (अक्षेरूपी त्रिचालीस लाख पन्चानब्बे हजार दुई मात्र) रहेको प्रस्तुत योजनामा मिति २०७८।०२।०४ गते सोरु गाउँपालिका वडा नं.१० का वडा अध्यक्ष नभएको मौका पारि कार्यवाहक वडाध्यक्ष विरेन्द्र बहादुर मल्लको अध्यक्षतामा वसेको बैठकको निर्णय नं.९ बाट उक्त सडक निर्माण योजनाको लागि उपभोक्ता समिति गठन गरी मिति २०७८।०२।०५ गते वडाबाट गाँउपालिकामा योजना सम्झौता गर्न सिफारिस गरेको देखिएकोवाट प्रतिवादीहरुको बदनियतको प्रारम्भ यहीवाट शुरु भएको देखिन्छ। उक्त योजनामा लागत अनुमान तयार गर्ने, नापी किताव तयार गर्ने, उपभोक्ता सम्बन्धी विल तयार गर्ने र कार्य सम्पन्न प्रतिवेदन दिने कार्य असिस्टेन्ट सव-ईन्जिनियर मनोज धामी, परीक्षण गर्ने ईन्जिनियर प्रकाश आचार्य र प्रमाणित गर्नेमा प्रमुख प्रशासकीय अधिकृत विरेन्द्र मल्ल, अनुगमन समितिमा कार्यपालिका सदस्य एवं योजना अनुगमन तथा मुल्यांकन समिति संयोजक दलविर सार्की, योजना अनुगमन तथा मुल्यांकन समिति सदस्य एवं वडा प्रतिनिधि धर्मराज जैसी, भुक्तानी सिफारिस गर्ने कार्य वडा नं. १० का कार्यबाहक वडाध्यक्ष विरेन्द्र बहादुर मल्ल, लेखापाल जेठ बहादुर बुढा, योजना शाखा प्रमुख नविन बुमी समेतले मिलेमतो गरि उक्त बढी रकम भुक्तानी दिन टिप्पणी उठाई गाँउपालिकाको गोश्वारा भौचर र बैक स्टेटमेन्टबाट उपभोक्ता समितिको नाममा राष्ट्रिय बाणिज्य बैङ्क लि. सोरु, मुगु शाखामा खाता संचालकहरु क्रमशः अध्यक्ष विष्णु दत्त जैसी, सचिव पौमल सार्की र कोषाध्यक्ष नन्द देवी जैसी रहेको खाता नं. ४५१०१००००४७१००१ मा भुक्तानी पाउने गरी मिति २०७८/०३/२० गते रु.३८,०७,०६५/-(अक्षेरुपी अठतीस लाख सात हजार पैसट्ठी मात्र) भुक्तानी गरेको देखिएतापनि निजहरुले वढी काम गरेको देखाई वास्तविक कार्य भन्दा रु.२३,२२,८३२.१६/- (अक्षेरुपी तेईस लाख बाईस हजार आठ सय बत्तिस रुपैयाँ सोह्र पैसा मात्र) बढी रकम भुक्तानी गरेको तथ्य मिसिल संलग्न स्थलगत नापजाँच तथा प्राविधिक, स्थलगत मुचुल्का एवं प्रतिवेदकहरुको बकपत्रवाट निज प्रतिवादीहरु बिरुद्धको आरोप दावी बमोजिमको कसूर स्थापित भई रहेको देखिदा देखिदै सो तथ्य एवं सम्वद्ध मिशिल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संलग्न प्रमाणहरुलाई नजरअन्दाज गरि प्रतिवादीलाई आरोप दावीबाट सफाई दिने ठहर गरि भएको फैसला त्रुटिपूर्ण देखिँदा उक्त फैसला बदर गरि निज प्रतिवादीहरु विरेन्द्र मल्ल, प्रकाश आचार्य, जेठबहादुर बुढा, नविन बुमी, दलवीर सार्की, मनोज धामी, धर्मराज जैसी, विष्णुदत्त जैसी, नन्ददेवी जैसी, पौमल सार्की र वीरेन्द्रबहादुर मल्ललाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ। |